Electronic VISA Application Forms (EVAF) प्रयोग गर्नका लागि निर्देशनहरु

कृपया तल दिइएका निर्देशनहरुलाई राम्ररी पढेर त्यस अनुसार पालन गर्नुहोस्। यी निर्देशनहरु नबुझिकन आवेदन गर्नुभएमा तपाईको आवेदन रद्द हनसक्छ र आवेदन प्रकृया पूराहुन ढीलो हुनसक्छ।

१. NIV आवेदन फारम DS- 156 लाई E-Visa (EVAF) फारममा पूरा गर्नुहोस्, यो फाराम http://evisaforms.state.gov मा उपलब्ध छ। आवेदनको प्रिन्ट निकाल्नु भन्दा अघि 'continue" बटनलाई क्लिक गर्नुहोस्। तपाईले भरेको फारम लेजर प्रिन्टर अथवा उच्च स्तरको Ink जेट प्रिन्टर प्रयोग गरेर प्रिन्ट गर्नुहोला। निम्न गुणस्तरको प्रिन्टर प्रयोग गर्दा तपाईको आवेदन प्रयोग योग्य हुदैन। यहां appointment का लागि आउनु हुंदा तीनवटै प्रिन्ट गरिएका पानाहरु लिएर आउनु होला। फारमहरुको प्रयोग गर्ने विधि बारेका निर्देशनहरु वेभसाइटबाट जानकारी लिन सकिने छ।

<u>द्रष्टव्य</u>: उपयुक्त evisaforms को format अनुसार नभरिएका DS- 156 आवेदन उपर Nabil Bank ले आफ्नो प्रकृया पूरा गर्न असमर्थ हुनेछ।

१६ बर्ष देखि ४५ बर्ष सम्म उमेरका सम्पूर्ण पुरुष आवेदकहरुले DS- 157 फारम पनि पूरा भरेर अनिवार्य रुपले ल्याउनु पर्नेछ। त्यसरी नै बिद्यार्थी एंव exchange visitor हरुले DS- 158 भरेर बुझाउनु पर्ने हुन्छ। हस्त लिखित अथवा टाइप गरिएका DS- 157 र DS- 158 फारमहरु स्वीकार्य हुने छन्।

उपरोक्त दुवै फारमहरु देहायको website मा उपलब्ध छन्।
http://kathmandu.usembassy.gov/online-forms.html अथवा
http:// travel.state.gov/visa/frvi/forms/forms- 1342 html

२. तपाईले आफ्नो EVAF आवेदन फारम पूरा भरेर प्रिन्ट गरिसकेपछि, appointment को मिति लिनका लागि महाराजगन्जको नमस्ते सुपरमार्केट पछि रहेको NABIL बैंकको MRV शाखामा जानु पर्नेछ। त्यहां तपाईले फिर्त्ता नहुने (Non –refundable) प्रवेशाज्ञा (VISA) आवेदन शुल्क अमेरिकी डलर १३१ (एक सय एकतिस) का साथै आफ्नो पासपोर्टको १ कपि प्रतिलिपि तथा नागरिकता सहित आवेदन फारम बुझाउनु हुनेछ।

यदि तपाईले petition- based visa का लागि आवेदन गर्नुभएको हो भने तपाईको I-797 को एक प्रति पनि बुझाउनु पर्ने हुन्छ। NABIL बैंकले तपाईलाई शुल्कको रसिद सहित होटेल याक एण्ड यति परिसरमा अवस्थित अमेरिकी राजदूतावासको कन्सूलर शाखामा अन्तर्वार्ताका लागि appointment को मिति पनि उपलब्ध गराउने छ। तपाई अन्तर्वार्ताका लागि आउंदा प्रवेशका लागि बैंकले दिएको रसिद अनिवार्य रुपले ल्याउनु होला।

<u>कृपया ध्यान दिनुहोस्</u> :

तपाईको आवेदनको तेश्रो पानामा रहेको EVAF barcode पढ्न नसकिएको खण्डमा, तपाईले पुनः एउटा नयां EVAF आवेदन भर्नु पर्ने हुन्छ। EVAF आवेदन फारमहरुमा रहेका barcode हरुलाई कृपया नबिगार्नु होला।

३. प्रत्येक आवेदकसंग अमेरिका भ्रमणको योजना पूरा भएको छ महिना पछि सम्म बहाली रहने पासपोर्ट अथवा ट्राभल डक्यूमेन्ट (Travel document) साथमा रहन अनिवार्य छ।

४. कृपया सेतो background मा खिंचिएको, बोर्डर नभएको 2" x 2" (50 mm x 50mm) साईजको एक प्रति फोटो ल्याउनु होला।

५. केहि प्रवेशाज्ञा (VISA) हरु, जस्तैः student (F), exchange visitor (J) / entra-company transfer (L) visa का लागि थप जारी शुल्क (additional issuance fee) बुझाउनु पर्ने हुन्छ। कृपया <u>http://travel.state.gov</u> मा गई VISA reciprocity को तालिका हेरी यसबारे विस्तृत विवरण प्राप्त गर्नु होस् र अन्तर्वार्तामा आउंदा यो शुल्क संगै लिएर आउनु होला।

६. कृपया कुनै पनि document कन्सूलर शाखामा फ्याक्स, इमेल वा मेल गरि नपठाउनु होला। प्रवेशाज्ञा (VISA) आवेदकहरुले आफूंसंग रहेका डक्यूमेन्टहरुको जिम्मेवारी स्वयं लिने छन्।

<u>कृपया ध्यान दिनु होस्</u>

आकस्मिक परिस्थितिका खण्डमा मात्र कन्सूलर शाखाले अन्तर्वार्ताका लागि आकस्मिक appointment प्रदान गर्नसक्ने छ। आफ्नो भ्रमण योजनाका लागि यथेष्ट समय राखेर प्रवेशाज्ञा (VISA) का लागि आवेदन गर्नु होला। आफूले भ्रमण गर्ने ३० देखि ६० दिन अगावै VISA का लागि आवेदन गर्न हुन हामी सुझाव दिन्छौं।